# एकीकृत कार्यक्रमको अनुगमन प्रतिवेदन

## चापाकोट नगर पालिका अन्तरगर्तका स्वास्थ्य संस्थाहरुमा स्थल गत अनुगमन गरेर तयार गरिएको

**भ्रमण प्रतिवेदन**

**प्रतिवेदन पेश गरिएको निकाय**

प्रदेश जनस्वास्थ्य कार्यालय

पुतलीबजार, स्याङ्जा

## अनुगमनगरिएकास्वास्थ्यसंस्थाः

- चापाकोट नगरअस्पताल
- शाखरस्वास्थ्यचौकी
- बारिकुनाआधारभूत स्वास्थ्यकेन्द्र
- रत्नपुर स्वास्थ्यचौकी
- खासा आधारभूतस्वास्थ्यकेन्द्र
- कुवाकोटस्वास्थ्यचौकी
- सेखाम स्वास्थ्य चौकी

अनुगमनगरिएकोमितिः २०८२/०४/१४ देखि २०८२/०४/१७

## अनुगमनको उद्देश्यहरु :

- e-HMIS, DHIS२, eTB, माdataerrorसच्याउनेतथास्थलगतअनुशिक्षण गर्ने
- प्रदान गरेका सेवाहरुमा आईपरेका समस्याको पहिचान गरीसमाधानकोउपायकोसहजीकरणगर्ने ।
- अनुमनको अवस्थाबारेमा स्थानीयतहका प्रमुख,उप-प्रमुख,प्र.प्र.अ. र स्वास्थ्य शाखा प्रमुख समक्ष समन्वयतथाछलफलगरिउक्तबारेजानकारीगराउने।

### संस्थागतपरिचयः

### चापाकोट नगरअस्पताल

चापाकोटनगरअस्पताल,चापाकोट नगरपालिका– ९, मा अवस्थित आधारभूत अस्पताल हो| चापाकोट नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुको पहिलो प्रेषण केन्द्रको रुपमा समेत यो अस्पताल रहेको छ |चापाकोट नगरपालिकाको पहलमा स्वास्थ्य चौकीलाई स्तरोन्नति गरि चापाकोट नगर अस्पताल" संचालनमा ल्याईएको हो | पुरानो स्वास्थ्य चौकीको भवनमा नै अस्पताल संचालन रहेको र नया मापदण्ड अनुसारको भवन बनि नसकेको कारण अस्पताल संचालनको लागि भौतिक पूर्वाधारको अभाब रहेकोछ |

<u>सेवा/ सुविधाहरुः</u>

- हाल यो अस्पतालमा १५ शैयाको क्षमता रहेको छ र दैनिक १०० भन्दा बढी बिरामीको उपचार भइरहेको छ ।
- आधारभूतस्वास्थ्यसेवाजस्तैखोप,पोषण सेवा,शिशुतथामातृ, क्षयरोग उपचार आदिसेवा
- मात्रे२४-घण्टा आकस्मिक सेवा, पेट, छाती, मुटु, स्त्री रोग, बाल रोग, छाला, नशा रोग, हाडजोर्नी, आँखाको उपचार, डेन्टल सेवा, ल्याब सुविधा, एक्सरे, भिडियो-एक्सरे, अक्सिजन, फार्मेसी, बीमा सेवा, एम्बुलेन्स र रिफर सुविधा उपलब्ध छन् ।
- स्वास्थ्यजनशक्तिदरवन्दीतथाअन्तरिकनियुक्तिबाट४२जनाभन्दाधेरैरहेको ।
- स्वास्थ्यजन्यफोहोरव्यवस्थापनमासमस्यारहेको, खुल्लाक्षेत्रमाजलाउनेहुदावरिपरीप्रदुषितहुने ।

**ब्यबस्थापकीय पक्षः** सेवाहरुको अभिलेख ब्यबस्थापन सन्तोषजनक रहेको छ| स्याङ्जा जिल्ला भरि सबै संस्थामा रिपोर्टिंङ रेकर्डिङ डिजिटल माध्यममा भई रहेता पनि चापाकोट अस्पतालमा अहिले पनि रजिस्टर मा नै अभिलेखीकरण भै रहेको छ| अस्पताल ब्यबस्थापन समितिको बैठक नियमित रुपमा बस्ने गरेको पाईएन | औषधिको भण्डारणमा थप सुधार गर्नु पर्ने देखियो |

<u>उपलब्ध सेवाहरुको अवस्थाः</u>

**सुरक्षित मातृत्व** : सुरक्षित मातृत्व सेवाको अवस्था सन्तोषजनक रहेको पाइयो | गत आ.व. मा प्रोटोकल अनुसार ४ पटक गर्भ जाच गराउने ६६ जना र ८ पटक प्रोटोकल अनुसार गर्भ जाच गराउने ४० जना रहेकोमा ४८ जनाले सुरक्षित सुत्केरी सेवा लियको पाइयो जसमा ९ जना २० वर्ष मुनिका रहेका थिए | सुरखित गर्भपतन गराउनेको संख्या तुलनात्मक रुपमा उच्च रहेको|

**खोप सेवा** : खोप सेवामा खासै समस्या देखिएन | खोप सेवा राम्रो संग नै चलेको देखियो |
**पोषण सेवा** : औषत वृद्धि अनुगमन १७ पटक रहेको | कुपोषित बच्चा १ जना OTCमा भर्ना |
**ल्याब सेवा :** ल्याब सेवाको अवस्था सन्तोषजनक रहेको | X-rayUSG लगाएतका सेवाहरु

**संचालनमा रहेका**

**बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम :** बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम राम्रो संग नै चलिरहेको तर यसलाई थप प्रभावकारी बनाउन बिद्यालयमा नियमित रुपमा गइ कक्षा संचालन गर्नुका साथै सेवाको प्रचार प्रसारमा जोड दिन माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुलाई नियमित स्वास्थ्य संस्थाकोअवलोकन गराई उपलब्ध सेवाहरुको बारेमा जानकारी प्रदान गर्ने |

**बारिकुना आधारभूत स्वास्थ्य सेवा केन्द्र :**

बारिकुना आधारभूत स्वास्थ्य सेवा केन्द्र  चापाकोट नगरपालिकामा वडा न. १० रहेको स्वास्थ्य संस्था हो। यस संस्थामा भौतिक पूर्वाधारमा कुनै समस्या नरहेको पाइएको थियो।

**स्वास्थ्यजनशक्तिकोअवस्था**

| जनशक्ति | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|
| AHW | १ | ० | |
| ANM | १ | ० | |
| का. स | १ | ० | |

**अनुगमनकादेखिएका पक्षहरु:**

- स्वास्थ्य सेवाको अभिलेखन र प्रतिवेदन पूर्ण रुपमा बिधुतिय प्रणालीबाट सम्पादन भईरहेको (eHMIS/Dhis-2/eLMIS/eTB and PRTP)
- व्यवस्थापनसमितिकोबैठकनियमअनुसारनियमितभएको।
- सौचालय ,खानेपानी को राम्रो व्यवस्था भएको , कम्पाउण्डको सरसफाई राम्रो, मासिक कार्ययोजना तयार पारि टासेको, ब्यबस्थापन समिति, म.स्वा.से. र कर्मचारीहरुको विवरण तयार गरि टास गरिएको | ड्रेसिङ बेड टेबल, अभाब रहेको तर वडा कार्यालयबाट ब्यबस्थापन हुने मौखिक प्रतिबद्दता |
- पालिकाबाट नियमित अनुगमन भैरहेको | मासिक बैठक सबै संस्थामा पालैपालो गर्ने अभ्यासले सिकाईको आदानप्रदानमा सहयोग |
- पोषण कर्नर , स्वास्थ्य शिक्षा कर्नर को ब्यबस्था गरिएको |

- कर्मचारीलाई emplantतालिमको अभाब देखिएको | प्रदेश जनस्वास्थ्य कार्यालयले सम्बोधन गर्नुपर्ने|
- eHMISर DHIS२ मा डाटा नमिलेको, तत्काल नमिलेको डाटाहरु मिलाउन प्राबिधिक सहयोग गरेको | फाल्गुन महिनाको रिपोर्ट नदेखिएको पुन इन्ट्री गर्नुपर्ने सुझाब दिएको
- कर्मचारीको मासिक बैठक बस्ने गरेतापनि अभिलेखीकरण नभएकोले अभिलेखीकरण गर्न सुझाब दिइएको | विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम कुनै निर्देशित समयमा मात्र संचालन नगरी नियमित रुपमा संचालन गर्न तथा सोको अभिलेख राख्न सुझाब दियको |
- संस्थामा बिजुलीको बैकल्पिक व्यवस्था आवस्यक रहेको र सो को ब्यबस्थापन पालिकाले गर्नुपर्ने कुरा पालिकाका प्रमुख लगाएत लाइ अवगत गराएको
- PHCORC-१, EPI-२ र FCHV-५ संचालनमा रहेको

**शाखर स्वास्थ्यचौकी**

शाखर स्वास्थ्य चौकी चापाकोट नगरपालिकामा वडा न.६ रहेको स्वास्थ्य संस्था हो ।चापाकोट नगरपालिकाबाट झन्डै २० कि.मि. को दुरीमा शाखर स्वास्थ्य चौकी रहेको छ | यससंस्थाको आफ्नै सरकारी मापदण्ड अनुसारको भवन रहेको छ|

**स्वास्थ्यजनशक्तिकोअवस्था**

| जनशक्ति | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|
| **HA** | १ | ० | |
| AHW | २ | ० | |
| ANM | २ | | |
| का. स | १ | ० | |

स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गरिएको भएता पनि पालिकाले आन्तरिक ब्यबस्थापन गर्दा हाल ४ जना मात्र कार्यरत रहेको छ |

**अनुगमनका पक्षहरु:**

- स्वास्थ्य सेवाको अभिलेखन र प्रतिवेदन पूर्ण रुपमा समयमै विधुतिय प्रणालीबाट सम्पादन भईरहेको (eHMIS/Dhis-2/eLMIS/eTB and PRTP)।
- दैनिकस्वास्थ्यसेवाग्राही५-६जना।

- ब्यवस्थापन समितिको बैठक त्रैमासिक रुपमा बस्ने गरेको मासिक रुमपा बस्नुपर्ने।
- eHMIS लागु गरिएतापनि अझै पनि केहि सेवा रजिस्टरहरु प्रयोग गर्ने गरिएको तसर्थ पालिकाले आबश्यक पूर्वाधारको ब्यबस्था गरि पूर्ण रुपमा eHMIS लागु गर्नुपर्ने।
- खोप केन्द्र २ गाउघर क्लिनिक २ ओटा बाट सेवा सुचारु भैरहेको।
- संदेश सहितको पोषण कर्नर ब्यबस्थापन गरिएको |
- बालबालिकाको वृद्धि अनुगमनमा ०-२३ महिनाको बालबालिकालाई मात्र समेटिएको | औषत वृद्धि अनुगमन २२ पटक रहेको | वृद्धि अनुगमनमा २-५ बर्षका बालबालिकालाई समेत समेट्नु पर्ने |
- सुरक्षित मातृत्व सेवा अन्तरगत गत आ.व. मा ७ जनाले सुरक्षित सुत्केरी सेवा लियका
- १८ जनाले सुरक्षित गर्भपतन सेवा लियका स्वास्थ्यकर्मी लाई IMPLANT तालिम नभएको कारण गर्भपतन सेवा पश्चात परिवार नियोजन सेवा दिन नसकेको |
- स्वास्थ्य संस्थाको परिसरमा सौन्दर्यकरणको लागि फूलहरु रोपिएको|
- बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम अन्तरगत IFAबिद्यालयमा कक्षा संचालन भैरहेका

<u>रत्नपुर स्वास्थ्यचौकी</u>

रत्नपुर स्वास्थ्यचौकीचापाकोट नगरपालिकामावडान.२रहेकोस्वास्थ्यसंस्थाहो ।पालिका सदरमुकामबाट करिब ८ कि.मि को मोटर बाटो पार गरेपछि रतनपुर स्वास्थ्य चौकी पुग्न सकिन्छ |उक्तसंस्थाले गुणस्तरीयआधारभूत स्वास्थ्यसेवाप्रधानगर्दैआइरहेकोछ।

<u>स्वास्थ्यजनशक्तिकोअवस्था</u>

| जनशक्ति | पदपूर्ति | रित्त | कैफियत |
|---|---|---|---|
| HA | १ | | |
| AHW | २ | ० | |
| ANM | १ | | |
| का. स | १ | ० | |

अनमी १अहेब२ रकार्यालयसहयोगी १ गरेर४जनाकर्मचारीरहेकोरअन्यजनशक्तिपालिकाले काजमा अन्यत्र खटाएको हुदा कुनैपनिपदरित्तनभएको।

अनुगमनका क्रममा देखिएका पक्षहरु :

- स्वास्थ्य सेवाको अभिलेखन र प्रतिवेदन पूर्ण रुपमा बिधुतिय प्रणालीबाट सम्पादन भईरहेको (eHMIS/Dhis-2/eLMIS/eTB and PRTP)
- उपलब्ध श्रोत साधनको अधिकतम प्रयोग गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिएको
- व्यस्थापनसमितिकोबैठकनियमअनुरुपनियमितभएको
- खोपलगायतअन्यकार्यक्रमकोeHMIS रDHIS-2माdataसमाननभएको
- व्यस्थापनसमितिकोबैठकनियमअनुरुपनियमितभएको
- बहिरंग कोठा,गर्भबती परिक्षण कक्ष,औषधि वितरण कक्ष,ड्रसिङ्ग कोठा,धारा चर्पी तथा पानिको उपलब्धता राम्रो व्यवस्थापन भएको,
- आवश्यक औषधीहरु पर्याप्त मात्र देखिएको साथै स्टोरको व्यवस्थापन राम्रो देखिएको
- किशोरकिशोरीमैत्रीस्वास्थ्यसेवाप्रदानभएको

<u>बेलडाडा आधारभूतस्वास्थ्यसेवा केन्द्र</u>

बेलडाडा आधारभूतस्वास्थ्यसेवा केन्द्रचापाकोट नगरपालिका वडा नम्बर ८ मा अवस्थित संस्था हो ।

<u>सेवातथासुविधाहरु:</u>

- आउटडोर सेवा (OPD) – दैनिक बिरामी जाँच तथा सामान्य रोगको उपचार।
- गर्भवती महिलाको जाँच (ANC) – नियमित गर्भ परीक्षण र परामर्श।
- सुरक्षित सुत्केरी सेवा – संस्थागत डेलिभरी सेवा।
- सुत्केरीपछिको सेवा (PNC) – सुत्केरी महिलाको स्वास्थ्य निगरानी।
- शिशु खोप कार्यक्रम (EPI) – नवजात र बालबालिकालाई नियमित खोप।
- पारिवारिक योजना सेवा – अस्थायी र स्थायी गर्भनिरोधक साधनहरूको उपलब्धता।

<u>अनुगमनकापक्षहरु:</u>

- स्वास्थ्य सेवाको अभिलेखन र प्रतिवेदन पूर्ण रुपमा बिधुतिय प्रणालीबाट सम्पादन भईरहेको (eHMIS/Dhis-2/eLMIS/eTB and PRTP)
- उपलब्ध श्रोत साधनको अधिकतम प्रयोग गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिएको
- व्यस्थापनसमितिकोबैठकनियमअनुरुपनियमितभएको

- बेलडाडा आधारभूत स्वास्थ्य सेवा केन्द्रमा सबै आधारभूत स्वास्थ्य सेवाहरु नियमित रुपमा नै संचालन भैरहेको र खासै समस्या नदेखियो पाइयो

<u>खासा आधारभूत स्वास्थ्य सेवा केन्द्रः</u>

खासा आधारभूत स्वास्थ्य सेवा केन्द्र चापाकोट नगरपालिका वार्ड नम्बर ७ मा अवस्थित छ | यो संस्था पालिका सदरमुकामबाट ६ कि.मि पक्कि र ६ कि.मि कच्ची गरि १२ कि.मि. को दुरीमा रहेको छ | संस्थाको आफ्नै पक्कि २ कोठे भवनबाट सेवा संचालनमा रहेको छ| दैनिक औषत ६-७ जना सेवाग्राहीले सेवा लिने यो संस्थाबाट आधारभूत स्वास्थ्य सेवाहरु प्रदान हुदै आइरहेको छ |

<u>स्वास्थ्य संस्थाको अनुगमनका क्रममा देखियका र छलफल बिषयहरुः</u>

- स्वास्थ्य संस्थाबाट प्रदान गरिदै आएका सेवाहरु बिधुतिय रुपमा अभिलेख राखिदै आएकोमा बिधुतको बैकल्पिक व्यवस्था नहुदा समस्या भएको |
- नियमित रुपामा खोप सेसन र गाउघर क्लिनिक संचालनमा रहेको |
- ब्यबस्थापन समितिको बैठक नियमित रुपमा बसेको
- म.स्वा. से.को बैठक नियमित रुपा बसेको|
- कर्मचारीको बैठक नियमितरुपमा बसेको भएता पनि अभिलेखीकरण नभएको|
- नगारिक बडापत्र,औषधिको लिस्ट संस्थाको साइन बोर्ड अस्थाई प्रकृतिको फ्लेक्स प्रिन्टमा भएको
- सुझाब पेटिका , कन्डम बक्स, स्वास्थ्य शिक्षा कर्नर , पोषण कर्नर , स्तनपान कक्ष, अआदिको व्यवस्था भएको देखियो ।
- खोपको सुक्ष्म योजना तयार गरेको
- औषधिको आपूर्ति पालिकाबाट नियमित रुपमा भएको
- फोहोरमैलाको ब्यबस्थापनको लागि खाल्डो खनेर पुर्ने गरेको
- इन्टरनेटको भरपर्दो व्यवस्था नभएको अस्थायी रुपा डाटा बात इन्टरनेट संचालनमा रहेको
- खानेपानी र सौचालयको उचित व्यवस्था भएको |
- eHMISVsDHIS२ डाटा नमिलेको देखियो|

**सुझाबहरु:**

- डेंगु रोगको नियाँत्रनको लागि आमासमुहको बैठक, विद्यालयमा र समुदायमा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गर्ने ।
- समुदायमा खोज र नष्ट गर अभियान संचालन गर्ने र प्रत्येक शुक्रबार संस्थाको वरिपरी सरसफाई गर्ने
- कर्मचारीको मासिक बैठक बसी सोको अभिलेखीकरण गर्ने
- eHMISVsDHIS२ डाटा मिलान गर्ने
- कम्तिमा महिनाको १ दिन बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गर्ने
- नागरिक बडापत्र साइनबोर्ड आदि स्थाईरुपमा भितेलेखन गरेर ब्यबस्थापन गर्ने

**केलादी आधारभुत स्वास्थ्य सेवा केन्द्र :**

केलादी आधारभूत स्वास्थ्य सेवाकेन्द्रचापाकोट नगरपालिकाको वडा नं. ६ मा अवस्थित छ ।वडा नम्बर ६ मा अवस्थित शाखर स्वास्थ्य चौकी र केलादी आधारभूत स्वास्थ्य सेवाकेन्द्रले झन्डै वडाको आधा आधा जनसंख्या लाइ स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेका छन । केलादी आधारभूत स्वास्थ्यसेवा केन्द्र मा र केलादिमा आवस्थित वृद्धाश्रम एकै भवनमा छन ।जुन वृद्धाश्रममा करिब २८ जना जति बृद्धहरु बसिरहेका छन् ।

**अनुगमनका पक्षहरु:**

- स्वास्थ्य सेवाको अभिलेखन र प्रतिवेदन पूर्ण रुपमा बिधुतिय प्रणालीबाट सम्पादन भईरहेको (eHMIS/Dhis-2/eLMIS/eTB and PRTP)
- भौतिकसंरचनानयाबनेकोरउपलब्ध श्रोत साधनको अधिकतम प्रयोग गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिएको
- व्यस्थापनसमितिकोबैठकनियमअनुरुपनियमितभएको
- स्वास्थ्यशिक्षा कार्यक्रमनियमितसंचालनभएको
- सम्पूर्ण आधारभूत स्वास्थ्य सेवाहरु नियमित रुपमा नै संचालनमा रहेका छन् ।

सुझावहरु:

केलादीको वृद्धाश्रममा रहेका र अन्य जेष्ठ नागरिकहरुलाई लक्षित गरि जेष्ठ नागरिक शिविर नियमित रुपमा संचालन गर्ने | जेष्ठ नागरिकहरुलाई उचित केयर गर्नको लागि प्रदेश जनस्वास्थ्य कार्यालयले कर्मचारीहरुलाई तालिमको व्यवस्था गर्न पहल गर्ने | नसर्ने रोग सम्बन्धि स्क्रिनिंग संचालन गर्ने

स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन स्वास्थ्यसंस्थाले गर्नु पर्ने कार्यहरु:


- स्वास्थ्य संस्थाहरुले नियमित स्वास्थ्य सेवाका साथै थप प्रबर्द्धनात्मक सेवाहरु जस्तै बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम , समुदायमा सचेतना कार्यक्रम र नसर्ने रोग सम्बन्धि स्क्रिनीङ प्रभाबकारी रुपमा संचालन गर्ने |
- अधिकांश स्वास्थ्य संस्थाहरुको DHIS २ मा तथ्यांकमा खासै त्रुटी नदेखियता पनि DHIS २ मा भएको डाटाको श्रोतको रुपमा भएको eHMIS मा भयेको डाटा संग नमिलेको देखियाकोले दुवै तथ्यांक लाइ पुन रुजु गरि दुवै सिस्टममा भएका डाटामा एकरुपता कायम गर्नु पर्ने |
- धेरैजस्तोस्वास्थ्यसंस्थाहरुकोANC 4th र 8th visit तथाPNC 3rd visit र 4th visit माभिन्नताआएकोहुदाregular follow- up गर्ने
- २-५ वर्ष उमेर समुहका बालबालिकाहरुको समेत वृद्धि अनुगमन गर्ने

नगरपालिकाले गर्नुपर्ने कार्यहरु:

- स्वास्थ्य संस्थाहरुमा फोहोर मैलाको उचित ब्यवस्थापन प्रमुख समस्याको रुपमा रहेकोले स्वास्थ्य संस्थाहरुबाट निस्कने फोहोरहरुको उचित ब्यवस्थापनको लागि आवश्यक संरचना निर्माण गर्ने |
- स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन गरि आबश्यक पृष्ठपोषण प्रदान गर्ने |
- स्वास्थ्य सेवाको प्रचार प्रसारको लागि स्वास्थ्यकर्मी म.स्वा.से. , आमा समुहहरुलाई परिचालन गर्ने|बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमलाई बढावा दिने |
- स्वास्थ्य संस्थाहरूको सेवा गुणस्तर सुधार, अभिलेख व्यवस्थापन, स्रोत अभाव समाधान तथा नियमित कार्यसम्पादनको सुनिश्चितताका लागि पालिकाले व्यवस्थापन समिति, वडा, सम्बन्धित निकायहरूसँग सहकार्य गरी कार्ययोजना निर्माण तथा कार्यान्वयन गर्ने।



प्रदेश जनस्वास्थ्य कार्यालयले गर्नुपर्ने कार्यहरु:




- शाखर स्वास्थ्य चौकीमा implantतालिमको अभाबले परिवार नियोजन सेवा प्रभावित भयेकोलें स्वास्थ्य कर्मीलाई implant तालिमको ब्यबस्था गर्ने |
- कतिपय स्वास्थ्य संस्थाहरुको ehmis र dhis२ मा भएको तथ्यांकमा एकरुपता नदेखियाकोले समयमा नै समस्याको पहिचान गरि आबस्यक पृष्ठपोषण प्रदान गर्ने |
- नियमितसहकार्यरसमन्वय, आवश्यकतालिम, नियमितअनुगमनरसंस्थागतअनुशिक्षण गर्नेरपालिकारप्रदेशसंगसमन्वयगरेरसंस्थाकोभौतिकपूर्वाधारको बिकाशमा समन्वय गर्ने।


















प्रतिवेदक :

- विनोद प्रसाद भट्टतथ्यांक अधिकृत प्र.जन.स्वा.का.स्याङ्जा
- मित्र प्रसाद अर्याल प. नि.अ प्र.जन.स्वा.का.स्याङ्जा
- सन्तोष पौडेल प.नि.अ. प्र.जन.स्वा.का.स्याङ्जा
- मनिष कुमार महतो क्ष.कु.नि.अ. प्र.जन.स्वा.का.स्याङ्जा
- राम देब साह को.चे.नि. प्र.जन.स्वा.का.स्याङ्जा